हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झनझने, सिन्धुली

१ नं. प्रदेश नेपाल

पत्र संख्याः- २०७५/०७६

च.नं.

## मौजुदा सूची दर्ता गर्ने सम्वन्धी सूचना

(सूचना प्रकाशित मितिः २०७५।०५।०५)

यस गाउँपालिकाको कार्यालयको आ.व.२०७५/०७६ को लागि तपसिलमा उल्लेखित सामान तथा सेवा उपलब्ध गराउन ईच्छुक ईजाजत प्राप्त दर्तावाला व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुवाट सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १८ अनुसार सूची दर्ताको लागि यस कार्यालयको जिन्सी शाखामा दरखास्त दर्ता गराउन हुन यो सूचना प्रकाशन गरिएको छ । आफूले सेवा उपलब्ध गराउन चाहेको कार्यको लागि विषयगत छुट्टा छुट्टै दरखास्त दर्ता गराउनु पर्नेछ । रीत नपुगी आएका निवेदनलाई मान्यता दिईने छैन । प्राप्त दरखास्तहरुवाट सूचिकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । सूचीकृत नभएका व्यक्ति, फर्म, कम्पनी वा संस्थासँग गाउँपालिकावाट कुनै खरिद सम्वन्धी काम कार्वाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द तथा कार्यालय सामानहरु

२. कम्प्यूटर, प्रिन्टर, फोटोकपी लगायत ईलोक्ट्रोनिक्स सामान/पार्टपूर्जा/टोनर/मसी सप्लाई तथा मर्मत

३. विभिन्न आपूर्ति सम्वन्धि कार्य

४. सवारी साधन (गाडी तथा मोटरसाईकल) मर्मत तथा पार्टपूर्जाहरु मर्मत

५. फर्निचर तथा फर्निसिङ सामानहरु सप्लाई तथा मर्मत

६. सरसफाईका सामाग्रीहरु

७. सवारी साधनका पार्टपूर्जाहरु

८. छपाई सम्वन्धी कार्यहरु

९. विज्ञापन तथा सूचना प्रकाशित गर्ने

१०. सफ्टवेयर निर्माण र आपूर्ति सेवा

११. स्वास्थ्य सेवा सम्वन्धीत औषधी, सामाग्री उपकरण खरिद

१२. साना तिना निर्माण तथा मर्मत सम्वन्धी कार्य

१३. विभिन्न परामर्श सेवा सम्वन्धि कार्य

**दरखास्तसाथ पेश गर्नुपर्ने कागजात (योग्यताका आधारहरु)**

क) सम्वन्धित क्षेत्रमा काम गर्ने फर्म दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि

ख) स्थायी लेखा नम्वर र मू.अ.करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि

हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झनझने, सिन्धुली

३ नं. प्रदेश नेपाल

पत्र संख्या:- २०७५/०७६ च.नं-

ग) आ.व.२०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

घ) गाउँपालिका क्षेत्र भित्रका संस्थाहरुको हकमा गाउँपालिकामा व्यवसाय सञ्चालन कर तिरेको प्रमाण पत्रको प्रतिलिपि

ङ) पेशागत कसुरमा कुनै सजाय पाए वा नपाएको व्यहोराको लिखित जानकारी